**यो आकाशवाणी हो**

10th December 2024

**समाचार अनुशीला शर्माबाट सुन्नुहोस्**

**मुख्य समाचार**

- **साइबर अपराध र जलवायु परिवर्तन मानव अधिकारका लागि नयाँ चुनौतीहरू रहेको राष्ट्रपतिको भनाई**
- **प्रधानमन्त्री मोदीको नेतृत्वमा प्रशासन पारदर्शी बनेको केन्द्रीय मन्त्री जितेन्द्र सिंह भनाई**

- **आज दुवै सदनको कार्यवाही अवरुद्ध भएपछि दिनभरका लागि संसद स्थगित**
- **आगामी विधानसभा चुनावमा आफनो सरकार बने अटो चालकको छोरीको विवाहका लागि एक लाख रुपैयाँ साथै अटो चालकलाई बीमा सुविधा उपलब्ध गराउने अरविंद केजरीवालको घोषणा**

**साइबर अपराध र जलवायु परिवर्तन मानव अधिकारका लागि नयाँ चुनौतीहरू रहेको राष्ट्रपतिको भनाई**

राष्ट्रपति द्रौपदी मुर्मुले सबैका अधिकार र मर्यादाको सुरक्षा गर्ने समान डिजिटल वातावरण सुनिश्चित गर्नुपर्ने महत्त्वलाई जोड दिनुभएको छ। आज मानव अधिकार दिवसको अवसरमा नयाँ दिल्लीमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित कार्यक्रममा सम्बोधन गर्दै राष्ट्रपति मुर्मुले साइबर अपराध र जलवायु परिवर्तन मानव अधिकारका लागि नयाँ चुनौतीहरू भएको बताउनुभयो। उहाँले भन्नुभयो कि डिजिटल युग परिवर्तनकारी भए पनि यसले साइबर बुलिङ, गोपनीयतासम्बन्धी चिन्ता र गलत सूचनाको प्रसारजस्ता समस्याहरू पनि ल्याएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले भारतले गरिबी र भोकमरी अन्त्य गर्न तथा युवाहरूलाई समान अवसर प्रदान गर्न नीति लागू गरेर विश्वसामु उदाहरण प्रस्तुत गरेको बताउनुभयो। उहाँले भन्नुभयो कि भारतले पाँच हजार वर्षभन्दा पुरानो सभ्यतामा सहानुभूति, करुणा र विभिन्न समुदायभित्र व्यक्तिहरूबीचको आपसी सम्बन्धका मूल्यहरू कायम राखेको छ। राष्ट्रपतिले मानव अधिकार उल्लंघन हटाउन, जनचेतना फैलाउन र सीमान्त-कृत समुदायका व्यक्तिहरूका अधिकार संरक्षण गर्न नीति परिवर्तनका लागि सिफारिस गर्ने सक्रिय भूमिकाका लागि राष्ट्रिय मानव अधिकार आयोगको प्रशंसा गर्नुभयो। कार्यक्रममा राष्ट्रपतिले राष्ट्रिय मानव अधिकार आयोगका तीन प्रकाशनहरूको विमोचन पनि गर्नुभयो। राष्ट्रिय मानव अधिकार आयोगकी कार्यवाहक अध्यक्ष विजय भारती सयानीले भन्नुभयो कि मानव अधिकार दिवसले प्रत्येक व्यक्तिको मौलिक अधिकारको स्मरण गराउँछ, चाहे उनीहरूको पहिचान वा पृष्ठभूमि जेसुकै होस्। भारतका लागि संयुक्त राष्ट्रसंघका आवासीय संयोजक शोम्बी शापरले मानव अधिकार दिवसको अवसरमा महासचिव एन्टोनियो गुटेरेसको सन्देश वाचन गर्नुभयो। श्री शापरले भन्नुभयो कि भारत लामो समयदेखि मानव अधिकारको सार्वभौम घोषणाको बलियो समर्थक रहँदै आएको छ।

**प्रधानमन्त्री मोदीको नेतृत्वमा प्रशासन पारदर्शी बनेको छ: केन्द्रीय मन्त्री जितेन्द्र सिंह"**

केन्द्रीय मन्त्री जितेन्द्र सिंहले विगत दश वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा प्रशासन पारदर्शी भएको बताउनुभएको छ। नयाँ दिल्लीमा आज केन्द्रीय सूचना आयोगको 16औँ वार्षिक सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सन् 2018 सम्म केन्द्र सरकारका 80 प्रतिशतभन्दा बढी कार्यालयहरूको कामकाज अनलाइन मोडमा परिवर्तन गरिएको जानकारी दिनुभयो। उहाँले विगत दशकमा आरटीआई (सूचना अधिकार) सम्बन्धी उजुरीहरूको संख्या बढेको बताउनुभयो, जसले प्रशासनको पारदर्शिता, उजुरीहरूको प्रभावकारी समाधान र नागरिकहरूको विश्वासलाई प्रतिबिम्बित गर्छ।मुख्य सूचना आयुक्त हीरालाल समारियाले यस अवसरमा सबै राज्य सूचना आयोगहरूले नागरिकहरूमा आरटीआईको बारेमा चेतना फैलाउन विभिन्न कार्यशालाहरू आयोजना गरेको बताउनुभयो। उहाँले प्रशासनमा पारदर्शिता बढाउन र गोपनीयता हटाउन राज्य सूचना आयोगहरू क्रियाशील रहेको उल्लेख गर्नुभयो।

**आज संसदका दुवै सदनको कार्यवाही अवरुद्ध भएपछि दिनभरका लागि भयो स्थगित**

संसदका दुवै सदनमा आज पनि गतिरोध जारी रह्यो, जसका कारण लोकसभा र राज्यसभाको कार्यवाही दिनभरका लागि स्थगित गरियो। लोकसभा र राज्यसभामा सत्तापक्षले कंग्रेस नेताहरूमाथि अमेरिकामा रहेको एक प्रमुख फाउन्डेसनसँग कथित सम्बन्ध भएको आरोप लगाउँदै देशको बदनाम भएको दाबी गऱ्यो। विपक्षले भने एक प्रमुख भारतीय व्यापारी समूहमाथि कथित घूसकाण्डको मुद्दा उठायो। आज बिहान 12 बजेसम्मको पहिलो स्थगनपछि लोकसभाको कार्यवाही सुरु भएको केही समयमै संसदीय मामिला मन्त्री किरेन रिजिजुले कंग्रेस नेताहरूको व्यवहारप्रति कडा आपत्ति जनाउँदै कंग्रेस सांसदहरूलाई माफी माग्न आग्रह गर्नुभयो। उहाँले कंग्रेस नेताहरू र अमेरिकी व्यापारी जर्ज सोरोसको फाउन्डेसनबीच सम्बन्ध रहेको आरोप लगाउँदै यस विषयमा कंग्रेसको स्पष्टीकरणको माग गर्नुभयो।दुवै पक्षका सांसदहरूले नाराबाजी गरेपछि पीठासीन अधिकारीले सभामा शालीनता कायम राख्न र कार्यवाही अघि बढाउन आग्रह गर्नुभयो। तर, शान्ति कायम हुन नसकेपछि कार्यवाही दिनभरका लागि स्थगित गरियो। यसअघि, बिहानको पहिलो बैठक सुरु हुँदा लोकसभाका अध्यक्ष ओम बिर्लाले विपक्षी सांसदहरूको लगातारको अवरोध र आचरणप्रति असन्तुष्टि जनाउँदै सबै सदस्यहरूले शालीनता कायम राख्न र देशका जनताको अपेक्षा पूरा गर्न काम गर्नुपर्नेमा जोड दिनुभयो। कंग्रेस र डीएमके सहितका विपक्षी सांसदहरूले सत्तापक्षको व्यवहार अनुचित रहेको र उनीहरूले पनि कार्यवाहीमा बाधा पुऱ्याइरहेका बताए। दुवै पक्षका सांसदहरूले एकअर्काविरुद्ध नाराबाजी गरेपछि कार्यवाही पुन: 12 बजेसम्मका लागि स्थगित गरिएको थियो। राज्यसभामा पनि उस्तै दृश्य देखियो। सत्तापक्ष र विपक्षबीच भारतीय व्यापारिक समूहमाथिको घूसकाण्ड र कंग्रेस नेताहरूको अमेरिकामा रहेको एक प्रमुख फाउन्डेसनसँग सम्बन्धका विषयमा विवाद चर्कियो। 12 बजेसम्मको स्थगनपछि कार्यवाही सुरु हुँदा राज्यसभाका नेता जेपी नड्डाले अमेरिकी व्यवसायी जर्ज सोरोस र भारतलाई अस्थिर बनाउन खोज्ने प्रयासहरूसँग सम्बन्धित "संगठित अपराध र भ्रष्टाचार रिपोर्टिङ परियोजना (OCCRP)" को प्रतिवेदनको विषय उठाउनुभयो। जर्ज सोरोस फाउन्डेसनले देशका हितविपरीत गतिविधिमा संलग्न संस्थाहरूलाई आर्थिक सहयोग गरेको पनि उहाँले बताउनुभयो। कंग्रेस नेता प्रमोद तिवारीले यी आरोपहरूलाई अस्वीकार गर्दै आधारहीन भएको बताउनुभयो।

यसअघि बिहान, आम आदमी पार्टीका सांसद संजय सिंहले दिल्लीको कानून-व्यवस्थाको मुद्दा उठाउनुभयो। तर, सत्तापक्षका सदस्यहरूले त्यसको विरोध गरे। दिउँसोको दोस्रो बैठक सुरु हुनेबित्तिकै सभापति जगदीप धनखडले कार्यवाही चलाउन अपिल गर्नुभयो  पनि दुवै पक्षका सदस्यहरूको होहल्लाबीच सभालाई दिनभरका लागि स्थगित गरियो।

## एल एस एमजीएनआरईजीए(LS MGNREGA)

केन्द्र सरकारले भनेको छ मनरेगामा सन्तानब्बे प्रतिशत भन्दा अधिक भूक्तान आधार भुक्तान ब्रज सिष्टम APBS को माध्यमद्वारा गरिएको छ।

लोकसभामा आज एउटा प्रश्नको लिखित उत्तरमा केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले बताउनु भए अनुसार वित्त वर्ष 2024-2025 मा मनरेगा पैंतिस करोड़ भन्दा धैरै राशिको लेनदेनमा लगभग चौंतिस करोड़ पैंतालिस लाखको लेनदेन APBS  को माध्यमले गरिएको छ।

उहाँले भन्नुभयो आन्ध्रप्रदेश, कर्नाटक, उत्तर प्रदेश, बिहार, केराला र सिक्किम APBS प्रणालीलाई कार्यन्वयन् गर्ने शीर्ष राज्य हुन्। यी राज्यहरूमा  यो डिजिटल भूक्तान प्रणालीको माध्यमद्वारा, निनानब्बे प्रतिशत भन्दा अधिक भूक्तान गरिएको छ।

### **आगामी विधानसभा चुनावमा आफनो सरकार बने अटो चालकको छोरीको विवाहका लागि एक लाख रुपैयाँ साथै अटो चालकलाईं बीमा सुविधा उपलब्ध गराउने अरविंद केजरीवालको घोषणा**

दिल्लीका पूर्व मुख्यमन्त्री र आम आदमी पार्टीका संयोजक अरविंद केजरीवालले आगामी विधानसभा चुनावको तयारीका क्रममा आज दिल्लीका अटो-रिक्सा चालकका लागि केही घोषणाहरू गर्नुभएको छ।  श्री केजरीवालले भन्नुभयो कि उहाको सरकारले अटो चालकको छोरीहरुको विवाहका लागि एक लाख रुपैयाँ र अटो चालकलाईं पर्वका अवसरमा वर्दी बनाउन दुई हजार पाँच सय रुपैयाँ दिने घोषणा गर्नुका साथै अटो चालकलाईं बीमा सुविधा पनि प्रदान गरिने घोषणा गर्नुभएको छ।आप पार्टीका संयोजक केजरीवालले भन्नुभयो कि यी सबै घोषणाहरू दिल्लीमा आपको सरकार पुनः बनेपछि यी सबै सुविधाहरु लागू गरिनेछ।

श्री केजरीवाल आज राजधानी दिल्लीको कोंडली क्षेत्रमा आफ्नो परिवारसँग एक अटो चालकको घरमा पुगेर उहाले अटो चालकको परिवारसँग भोजन पनि गर्नुभयो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **साइबर अपराध र जलवायु परिवर्तन मानव अधिकारका लागि नयाँ चुनौतीहरू रहेको राष्ट्रपतिको भनाई**
- **प्रधानमन्त्री मोदीको नेतृत्वमा प्रशासन पारदर्शी बनेको केन्द्रीय मन्त्री जितेन्द्र सिंहको भनाई**
- **आज दुवै सदनको कार्यवाही अवरुद्ध भएपछि दिनभरका लागि संसद स्थगित**
- **आगामी विधानसभा चुनावमा आफनो सरकार बने अटो चालकको छोरीहरुको विवाहका लागि एक लाख रुपैयाँ साथै अटो चालकलाई बीमा सुविधा उपलब्ध गराउने अरविंद केजरीवालको घोषणा**